# पाठ १३



## एउटा शिक्षण बिन्दु

***येशूले निको पार्नुहुन्छ***

येशूले निको पार्नुहुन्छ

## बाइबल कथा

***येशूले निको पार्नुहुन्छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्***

**सुसमाचार कथा पुस्तक छ।** पृष्ठ २-१५। *येशूले निको पार्नुहुन्छ*

नानीहरुको साथमा कथाको एउटा नाटक गर्नुहोस्। हामी सबै मिलेर 'येशूले निको पार्नुहुन्छ' भन्ने एउटा नाटक गर्न गइराखेका छौं भनी नानीहरुलाई बताउनुहोस्।

तपाईंले पढ्दै गर्दा *सुसमाचार कथा पुस्तक छ मा* पाइने चित्रहरु देखाउँदै नानीहरुको निम्ति पृष्ठ २-१५ बाट कथा पढ्नुहोस्।

नानीहरुलाई कथाको विषयमा प्रश्नहरु सोध्नुहोस्। यदि एउटा नानीले गलत उत्तर दिन्छ भने उसलाई उत्साह दिनुहोस् र 'राम्रो कोशिश गऱ्यौ, तापनि मैले चाहेको उत्तर यो होइन' भन्नुहोस्। यदि एउटा नानीले सही उत्तर दिन्छ भने भन्नुहोस्, 'सही! एकदम राम्रो गऱ्यौ!' एउटा नानीले सही उत्तर नदिएसम्म त्यही प्रश्न सोधि रहनुहोस्।

तपाईंले सोध्नसक्ने केही प्रश्नहरु यहाँ छन्।

**याइरस सहायताको लागि कसकहाँ गए?** येशूकहाँ।

**'उसलाई छोइदिनुहोस् मात्र र उ ठीक भईहाल्छे' भनी याइरसले कसलाई भने?** येशूलाई।

**'उसलाई छोइदिनुहोस् मात्र र उ बाँच्नेछिन्' भनी याइरसले कसलाई भने?** येशूलाई।


**कसले भन्यो, 'येशूलाई छुन मात्र पाएँ भनें, म ठीक भइहाल्नेछु!'?** स्त्रीले।

**त्यो बिरामी र अब मरिसकेकी सानी ठिटीलाई येशूले के भन्नुभयो?** ए सानी ठिटी, उठ!

**त्यो मरेकी सानी ठिटीलाई येशूले बोल्नुभएपछि के भयो?** त्यो सानी ठिटी जिउँदो भई!


**अन्धकारलाई हटाउने शक्ति कोसित छ?** येशूसित।

# पाठ १३



## एक्शन गीत

***येशूले निको पार्नुहुन्छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्***



१. चुप लाग, जान म ईश्वर हुँ x ३ — २. म प्रभु तिमीलाई बचाउने x ३

३. म प्रभु तिमीलाई निको पार्ने x ३ — ४. चुप लाग, जान म ईश्वर हुँ x ३

## वस्तु पाठ

***येशूले निको पार्नुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्***

एउटा नानीलाई तपाईंको सहायक बन्न लगाउनुहोस्। त्यो नानीलाई सबैजनाको अगाडि आएर नानीहरुतिर फर्केर तपाईंको अघि उभिन लगाउनुहोस्। त्यो नानीलाई पछिल्तिर लड्न र तपाईंलाई (शिक्षक) पक्रन दिन लगाउनुहोस्।

नानीलाई थामेपछि त्यो नानीले तपाईंलाई चिन्दथ्यो र तपाईंमा विश्वास पनि गर्दथ्यो भनी बताउनुहोस्। तपाईंले उसलाई निश्चय थाम्नुहुने थियो भनी नानीले जान्दथ्यो र विश्वास गर्दथ्यो भनी बताइदिनुहोस्। यो कथामा त्यो स्त्री र याइरस पनि त्यस्तै छन्। तिनीहरु दुवैले येशूलाई चिन्दथे र विश्वास पनि गर्दथे। येशूले निको पार्नुहुन्छ भनी दुवैले जान्दथे र विश्वास गर्दथे।

येशूले निको पार्नुहुन्छ

**साक्षी दिनुहोस्:** सृष्टिकर्ता परमेश्वरले तपाईंलाई कसरी निको पार्नुभयो भनी नानीहरुलाई बताइदिनुहोस् र देखाइदिनुहोस्। अथवा अरु कसैको विषयमा जो बिरामी थियो, उनीहरुको शरीर अथवा मनमा केही खराबी थियो र अब तिनीहरु निको भएका छन्। तिनीहरुलाई त्यहाँ आएर सृष्टिकर्ता परमेश्वरले तिनीहरुलाई कसरी निको पार्नुभयो भनी नानीहरुलाई बताउन र देखाउन लगाउनुहोस्।

## बाइबल स्मरण पद खेल

***येशूले निको पार्नुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***

**लूका ६:१९** *'सबैले येशूलाई छुने चेष्टा गरिरहेका थिए किनभने ती सबैलाई निको पार्दै उहाँबाट शक्ति बाहिर निस्किरहेथ्यो।'*

येशूले निको पार्नुहुन्छ

**शब्दविनाको प्रतियोगिता**

नानीहरुको दुई दल बनाउनुहोस्। पहिलो दललाई एउटा दलको अगुवा चुन्न लगाउनुहोस्। पहिलो दलको अगुवा अघि आउँछ। पहिलो दलको अगुवालाई बाइबल स्मरण पदको पहिलो भाग बताउनुहोस्, 'सबैले येशूलाई छुने चेष्टा गरिरहेका थिए।' अरु नानीहरुले सुन्न नपाउन्। पहिलो दलको अगुवालाई बाइबल स्मरण पदको एउटा अभिनय गर्न (नबोलीकनै) लगाउनुहोस्। पहिलो दलको नानीहरुले अभिनयको वाक्य पत्ता लगाउने कोशिश गर्छन्।

केही बेरसम्म पनि पहिलो दलका नानीहरुले वाक्य पत्ता लगाउन सकेनन् भने, दोस्रो दलका नानीहरुलाई पत्तो लगाउने कोशिश गर्न दिनुहोस्। यदि दोस्रो दलले पनि केही बेरपछि पनि वाक्य पत्तो लगाउन सकेनन् भने नानीहरुलाई बुझ्न सजिलो होस् भनी केही सूत्रहरु दिनुहोस्।

तपाईंले नानीहरुलाई वाक्य बताइ सक्नुभएपछि अथवा तिनीहरुले ठीक अनुमान काटिसकेपछि, दोस्रो दलको अगुवा अघि आउँछ। दोस्रो दलको अगुवालाई बाइबल स्मरण पदको दोस्रो भाग बताउनुहोस्, 'किनभने ती सबैलाई निको पार्दै।' अरु नानीहरुलाई सुन्न नदिनुहोस्। दोस्रो दलको अगुवालाई बाइबल स्मरण पदको नबोलिकनै एउटा अभिनय गर्न लगाउनुहोस्। दोस्रो दलका नानीहरुले त्यो अभिनयको वाक्य पत्तो लगाउने कोशिश गर्छन्।

यदि केही बेरसम्म पनि दोस्रो दलले वाक्य पत्तो लगाउन सकेनन् भने, पहिलो दलका नानीहरुलाई पत्तो लगाउने कोशिश गर्न दिनुहोस्। यदि केही बेरसम्म पनि पहिलो दलले अनुमान लगाउन सकेनन् भने, नानीहरुलाई अनुमान लगाउन सहायता गर्नको लागि केही सूत्र दिनुहोस्।

तपाईंले नानीहरुलाई वाक्य बताइ सक्नु भएपछि अथवा तिनीहरुले ठीक अनुमान गरेपछि, नानीहरुलाई बाइबल स्मरण पदको अन्तिम भाग बताइदिनुहोस्, 'ती सबैलाई निको पार्दै उहाँबाट (येशू) शक्ति बाहिर निस्किरहेथ्यो।'

त्यसपछि नानीहरुलाई पूरै बाइबल स्मरण पद भन्न लगाउनुहोस्।

## व्यवहारिक उपयोग


***येशूले निको पार्नुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

**तिनीहरुमध्ये कोही बिरामी छन् अनि येशूले तिनीहरुलाई निको पारेको चाहन्छन कि भनी नानीहरुलाई सोध्नुहोस्।**

बिरामी नानीहरुलाई येशूले तिनीहरुलाई निको पार्नुहोस् भनी तिनीहरुको निम्ति प्रार्थना गरिएको चाहन्छन कि भनी सोध्नुहोस्। परमेश्वरको आत्माले नानीहरुलाई र तपाईं आफैलाई कसरी प्रार्थना गर्नु पर्ने हो भनी अगुवाइ गर्न दिंदै नानीहरुलाई प्रत्येक बिरामी नानीको लागि प्रार्थना गर्न लगाउनुहोस्।

**प्रार्थना:** येशूको नाउँमा एउटा धन्यवाद र प्रशंसाको प्रार्थनाको साथमा समाप्त गर्नुहोस्।

# पाठ १४





## एउटा शिक्षण बिन्दु

***येशूले तपाईंलाई स्वतन्त्र गर्नुहुन्छ!***


येशूले
तपाईंलाई
स्वतन्त्र
गर्नुहुन्छ!

## बाइबल कथा

***येशूले तपाईंलाई स्वतन्त्र गर्नुहुन्छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्!***

**सुसमाचार कथा पुस्तक छ।** पृष्ठ १६-२१। *म स्वतन्त्र छु!*

**सामग्रीहरु:** चित्र कोर्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल। नानीहरुको निम्ति चित्र कोर्ने गत्ता अथवा पेपर, पेन्सिल र इरेजर चाहिन्छ।




नक्शा बनाएर कथा सुनाउनुहोस्। प्रत्येक पृष्ठ पढीसकेर नानीहरुलाई एउटा प्रश्न सोध्नुहोस्।



१, २, ३ कथा भन्न शुरु गर्नुहोस्…


येशू र उहाँका चेलाहरू नदी पारि गइरहेको म देख्न सक्छु। नदी किनारमा सुँगुरहरू उभिएको म देख्न सक्छु। त्यहाँ एकजना मानिस म देख्न सक्छु।



त्यो मानिसमा धैरै खराब आत्माहरू छन्। येशूले त्यो मानिसमा भएको धैरै खराब आत्माहरूलाई यसो भनिरहेको म सुन्न सक्छु, ‘यो मानिसबाट बाहिर निस्केर नदी किनारमा उभिएका सुँगुरहरूमा पस्।’



धैरे खराब आत्माहरू यस मानिसबाट बाहिर निस्केर नदी किनारमा उभिएका सुँगुरहरूमा पसेको म देख्न सक्छु। सुँगुरहरू नदीमा पसिरहेको म देख्न सक्छु। सुँगुरहरू मरे। त्यो मानिसले येशूको निम्ति गाइरहेको म सुन्न सक्छु। येशूले त्यो मानिसलाई यसो भनिरहेको म सुन्न सक्छु, ‘जाऊ अनि सृष्टिकर्ता परमेश्वरले तिम्रो निम्ति के गर्नुभएको छ सबै मानिसहरूलाई बताऊ।’



त्यो मानिसले सबै मानिसहरूलाई यसो भनिरहेको म सुन्न सक्छु, ‘येशूले खराब आत्माहरूलाई मबाट बाहिर निस्कनलाई भन्नुभयो। खराब आत्माहरू मबाट बाहिर निस्किए। येशूले मलाई छुट्कारा दिनुभयो।’


येशू संसारको ज्योति हुनुहुन्छ। येशूमा मात्र अन्धकारलाई हटाउने शक्ति छ।




सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!

**नानीहरुलाई कथाको चित्र बनाउन लगाउनुहोस्।**

# पाठ १४





## एक्शन गीत

***येशूले तपाईंलाई स्वतन्त्र गर्नुहुन्छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्!***

येशूको नाउँमा, येशूको नाउँमा, हामी जय पाउँदछौं,

येशूको नाउँमा, येशूको नाउँमा, शैतान सब भाग्दछ।

जब उभिन्छौं, येशूको नाउँमा, भन को टिक्न सक्दछ,

येशूको शक्तिशाली नाउँमा, हामी जय पाउँदछौं।

## वस्तु पाठ

***येशूले तपाईंलाई स्वतन्त्र गर्नुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्!***

**सामग्रीहरु:** तार, आँखा छोप्ने लुगा।

दुई जना नानीहरुलाई तपाईंको सहायक बन्न लगाउनुहोस्। एउटा नानीले (नानीलाई औंल्याउँदै) येशूको भूमिका खेल्न गइरहेको छ र अर्को नानीले (नानीलाई औंल्याउँदै) उभित्र धेरै दुष्ट आत्मा भएको मानिसको भूमिका खेल्न गइरहेको छ भनी बताइदिनुहोस्।

धेरै दुष्ट आत्मा भएको मान्छेको भूमिका गर्ने नानीलाई तारले बाँध्नुहोस् र उसको आँखा पनि पट्टीले बाँधी दिनुहोस्। दुष्ट आत्माको पासोमा हुँदा एउटा व्यक्ति यस्तै देखिन्छ भनी बताउनुहोस्, तिनीहरु बन्धनमा र अन्धकारमा हुन्छन्।

येशूले तपाईंलाई स्वतन्त्र गर्नुहुन्छ!

येशूको भूमिका खेल्ने नानीलाई त्यो दुष्ट आत्माले बाँधिएको मानिसको भूमिका खेल्ने नानीको आँखाको पट्टी खोल्न र उसको बन्धन खोलिदिन लगाउनुहोस्।

येशूद्वारा स्वतन्त्र बनाइएको नानीलाई येशूलाई धन्यवाद दिँदै ठूलो आनन्दको साथमा उभो – उँधो उफ्रन लगाउनुहोस्।

येशूले मानिसहरुलाई स्वतन्त्र पार्नुहुँदा यस्तै हुन्छ भनी बताइदिनुहोस्। येशूनै संसारको ज्योति हुनुहुन्छ। अन्धकारलाई हटाउने शक्ति येशूसित मात्र छ।


# पाठ १४

## बाइबल स्मरण पद खेल


***येशूले तपाईंलाई स्वतन्त्र गर्नुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्!***



**यूहन्ना ८:३६** *'यसर्थ जब पुत्रले (येशू) तिमीहरूलाई स्वतन्त्र पार्दछ, तब तिमीहरू सत्यरूपमा स्वतन्त्र हुनेछौ।'*



**शब्द चित्र पजल:** पानाको एउटा टुक्रामा लेख्नुहोस् 'जब पुत्रले (येशू)' अर्को एउटा पानाको टुक्रामा येशू क्रूसमा चढ्नुभएको चित्र बनाउनुहोस्, पानाको अर्को एउटा टुक्रामा लेख्नुहोस्, 'तिमीहरुलाई स्वतन्त्र पार्दछ,' पानाको अर्कै एउटा टुक्रामा येशूले एउटा बाँधिएको व्यक्तिलाई फुकाउँदै गर्नुभएको नक्शा बनाउनुहोस्, पानाको अर्को एउटा टुक्रामा लेख्नुहोस्, 'तब तिमीहरु साँच्चै स्वतन्त्र हुनेछौ,' अनि पानाको अर्को एउटा टुक्रामा एउटा स्वतन्त्र भएको व्यक्तिको नक्शा बनाउनुहोस्।



नानीहरु आइपुग्नभन्दा पहिलै पानाका सबै टुक्राहरु बिभिन्न स्थानहरुमा लुकाइदिनुहोस्।

तपाईसित एउटा महत्वपूर्ण सन्देश छ जो नानीहरुले पत्तो लगाउनुपर्छ भनी नानीहरुलाई बताइदिनुहोस्। त्यहाँ प्रत्येक भागमा सन्देश सहित छ वटा बिभिन्न कागजका टुक्राहरु यी ठाउँहरुमा (कोठा, घर, चर्च अथवा गाउँका विभिन्न ठाउँतिर) लुकाइएका छन्।

१, २, ३ ती लुकाइएका सन्देशहरु खोज्न शुरु गर...

जब नानीहरुले पन्नाका सबै, छ वटै टुक्राहरु भेट्टाएपछि, नानीहरुलाई ती सबै शब्दहरुलाई तिनीहरुसित मिल्ने ठीक चित्रहरु मिलाउन लगाउनुहोस्। यदि नानीहरुले अझसम्म पढ्न सिकेका छैनन् भने, तिनीहरुले याद गर्न सकून् भनी चित्रहरुतिर देखाउँदै शब्दहरु भनिदिनुहोस्। नानीहरुलाई शब्द चित्रहरु मिलाएर राख्न र यसलाई स्मरण नगरेसम्म बाइबल स्मरण पद दोहोऱ्याउँदै भन्न लगाउनुहोस्।

येशूले तपाईंलाई स्वतन्त्र गर्नुहुन्छ!


## व्यवहारिक उपयोग

***येशूले तपाईंलाई स्वतन्त्र पार्नुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्!***

येशूले हाम्रो जीवनबाट अन्धकार हटाउनुहुन्छ। येशूले ती सबै दुष्ट कुराहरु हटाउनुहुन्छ जसले हामीलाई कैदमा पार्छ र बन्धनमा राख्नसक्छ। येशूले नै हामीलाई स्वतन्त्र पार्नुहुन्छ!

**प्रार्थना:** तिनीहरुलाई सबै नराम्रा कुराहरुबाट स्वतन्त्र गर्नुभएको निम्ति येशूलाई धन्यवादको एउटा प्रार्थना गर्न चाहन्छन् कि भनी एक वा दुइजना नानीहरुलाई सोध्नुहोस्।

# पाठ १५





## एउटा शिक्षण बिन्दु

***येशूको रगतको बलिदानले हामीलाई बचाउछ***

येशूको रगतको बलिदानले हामीलाई बचाउछ

## बाइबल कथा

***येशूको रगतको बलिदानले हामीलाई बचाउँदछ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्***

**सुसमाचार कथा पुस्तक छ।** पृष्ठ २२-३४। *येशूले बचाउनुहुन्छ।*

तपाईंले पढ्दै गर्दा *सुसमाचार कथा पुस्तक छ मा* पाइने चित्रहरु देखाउँदै नानीहरुको निम्ति पृष्ठ २२-३४ बाट कथा पढ्नुहोस्।

नानीहरुलाई कथाको विषयमा प्रश्नहरु सोध्नुहोस्। यदि एउटा नानीले गलत उत्तर दिन्छ भने उसलाई उत्साह दिनुहोस् र भन्नुहोस्, 'अति राम्रो कोशिश, तापनि मैले चाहेको उत्तर यो होइन।' यदि एउटा नानीले सही उत्तर दिन्छ भने भन्नुहोस्, 'सही! एकदम राम्रो!' एउटा नानीले सही उत्तर नदिएसम्म त्यही प्रश्न सोधिरहनुहोस्।

तपाईंले सोध्नसक्ने केही प्रश्नहरु यहाँ छन्।

**येशूले आफ्नो रगत बलिदानको रुपमा आफ्नै जीवन दिने कारणहरु के के थिए?**


हामीले गरेका सबै दुष्ट कुराहरुको निम्ति।
हाम्रो दण्ड लिनको निम्ति।
अन्धकार हटाउनको निम्ति।
हामीलाई सदासर्वदाको निम्ति बचाउन।
किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ।

**येशू कसरी मर्नुभयो?**
येशूलाई क्रूसमा झुण्डाइको थियो।

**येशू गाड़िनुभएको चिहान किन रित्तो थियो?** येशू जीवित हुनुहुन्छ!

**येशूले आफ्ना चेलाहरुलाई के भन्नुभयो?**
जाओ र चारैतिर मानिसहरुलाई येशूले तपाईंलाई प्रेम गर्नुहुन्छ भन्ने सुसमाचार सुनाओ। येशू मर्नुभयो अनि जीवित हुनुहुन्छ, हामीलाई बचाउन सदा सदासर्वदाको निम्ति।
जाओ र चारैतिर मानिसहरुलाई येशूले तपाईंलाई प्रेम गर्नुहुन्छ भन्ने सुसमाचार सुनाओ।

# पाठ १५









## एक्शन गीत

***येशूको रगतको बलिदानले हामीलाई बचाउँदछ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्***

येशू गर्छन् मलाई प्यार, येशू गर्छन् मलाई प्यार,

येशू गर्छन् मलाई प्यार, हल्लेलूयाह!

येशूको रगतले बचाउँदछ, येशूको रगतले बचाउँदछ,

येशूको रगतले बचाउँदछ, हल्लेलूयाह!

येशू गर्छन् मलाई प्यार, येशू गर्छन् मलाई प्यार,

येशू गर्छन् मलाई प्यार,हल्लेलूयाह!

(यो गीत तीनपल्ट गाउनुहोस्, प्रत्येकपल्ट गति बढ़ाउँदै)

## वस्तु पाठ

***येशूको रगतको बलिदानले हामीलाई बचाउँदछ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्***

राम्रोसित उमालेर बोक्रासितै पकाइएको, एउटा अण्डा लिनुहोस्। नानीहरुले अण्डाको कडा बोक्रा थाहा पाउन्।

येशूको रगतको बलिदानले हामीलाई बचाउछ

**पहिलो पुरुष र स्त्रीले के गल्ती गरे भनी कसले मलाई बताउनसक्छ?**

नानीहरुले उत्तर दिँदा, एउटा परमानेन्ट मार्कर पेनले ठीक उत्तरहरु अण्डामा लेख्नुहोस्। एका-अर्काको टुप्पामा त्यो लेख्नुहोस् ताकि अण्डा मैला देखिन थालोस्।

**उत्तरहरु:** पहिलो पुरुष र स्त्रीले सृष्टिकर्ता परमेश्वरको कुरा सुनेनन्। पहिलो पुरुष अनि स्त्रीले दुष्ट आत्माको कुरा सुने। पहिलो पुरुष र स्त्रीले सृष्टिकर्ता परमेश्वरले तिनीहरुलाई नगर्नु भन्नुभएको कुरा गरे।

# पाठ १५

**बताउनुहोस्:** यो अण्डा हामीले सृष्टिकर्ता परमेश्वरलाई चिन्नुभन्दा अघिको हाम्रो हृदय जस्तै छ। हामीले सृष्टिकर्ता परमेश्वरलाई चिन्नुभन्दा अघि, हाम्रा हृदयहरु अण्डाको यो कडा बोक्रा जस्तै हुन्छन्। हामीले सृष्टिकर्ता परमेश्वरलाई चिन्नुभन्दा अघि हामी दुष्ट आत्माको कुरा सुन्छौं र सृष्टिकर्ता परमेश्वरको कुरा सुन्दैनौं। सृष्टिकर्ता परमेश्वरलाई चिन्नुभन्दा अघि हामी सृष्टिकर्ता परमेश्वरले हामीलाई गर्नु भनी भन्नुभएको कुरा गर्दैनौं।

हामीले सृष्टिकर्ता परमेश्वरलाई चिन्नुभन्दा अघि, सृष्टिकर्ता परमेश्वरले हामीलाई कति प्रेम गर्नुहुन्छ र हामीलाई बचाउनको लागि उहाँले के गर्नुभएको छ भनी जान्दैनौं। हामीले सृष्टिकर्ता परमेश्वरलाई चिन्नुभन्दा अघि हामी अन्धकारमा हराएका हुन्छौं।

## येशूको रगतको बलिदानले हामीलाई बचाउछ

यो अण्डाले हामीलाई सृष्टिकर्ता परमेश्वरले हामी सबैको निम्ति गर्नुभएको कुराको सम्झना दिलाउँछ। (अब त्यो उसिनेको अण्डाको कड़ा बोक्रा उक्काउन थाल्नुहोस्)।

येशूको रुपमा सृष्टिकर्ता परमेश्वरले हामीलाई, हामीले सृष्टिकर्ता परमेश्वर र मानिसहरु विरुद्ध बोल्ने, सोँच्ने अथवा गर्ने सबै खराब कुराहरुबाट छुटाउनुहुन्छ भनी बताइदिनुहोस्। मैले यो अण्डामा लेखिएका खराब कुराहरु हटाए जस्तै येशूले सृष्टिकर्ता परमेश्वर र मानिसहरु विरुद्ध हामीले बोलेका, सोँचेका अथवा गरेका सबै खराब कुराहरुलाई हटाइदिनुहुन्छ।

सृष्टिकर्ता परमेश्वर तपाईंलाई सदा सर्दाको निम्ति बचाउनको लागि एउटा सानो बालकको रुपमा आउनुभयो। उहाँको नाउँ येशू हो। उहाँले मानिसहरुलाई सृष्टिकर्ता परमेश्वरको बारेमा र उहाँले तिनीहरुलाई कति धेरै माया गर्नुहुन्छ र तिनीहरु बाँचून भनी उहाँले कति इच्छा गर्नुहुन्छ भनी बताउँदै आफ्नो जीवन यस संसारमा बिताउनुभयो। तर येशू हाम्रो निम्ति जिउनु मात्र भएन, उहाँ हाम्रो निम्ति मर्नु पनि भयो। येशू हामी सबैको निम्ति मर्नुभयो किनकि हामी सबैले नराम्रा कुराहरु बोल्छौं, सोँच्छौं अथवा गर्छौं।


उहाँ हाम्रो निम्ति क्रूसमा मर्नुहुँदा, हामीले सृष्टिकर्ता परमेश्वर र मानिसहरु विरुद्ध बोल्ने, सोँच्ने अथवा गर्ने सबै नराम्रा कुराहरुको निम्ति हाम्रो दण्ड लिँदै येशूले हाम्रा सबै नराम्रा कुराहरु हटाइदिनुभयो। तर उहाँ मरेको मरेकै हुनुभएन। ३ दिनपछि, उहाँ जीइउठनुभयो र अहिले स्वर्गमा वास गर्नुहुन्छ। हल्लेलूयाह!

**यो अण्डा अब कस्तो देखिन्छ अनि लाग्छ?**
सफा र नरम। जब हामीले येशूमा, उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ भनी विश्वास गर्दा, र उहाँको रगतको बलिदानमा उहाँको सित्तैको वरदान प्राप्त गर्दा, हाम्रो हृदय पनि यस्तै हुन्छ।

# पाठ १५

## बाइबद स्मरण पद खेल

***येशूको रगतको बलिदानले हामीलाई बचाउँदछ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***



येशूको रगतको बलिदानले हामीलाई बचाउछ

**यूहन्ना ३:१६** *'हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई (येशू) दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।'*

**मलाई पछयाऊ:** बाइबल स्मरण पद बताएर त्यसको एक्शन गर्नुहोस्। एक्शन भन्न र गर्न सिकेपछि नानीहरुलाई तपाईंको साथमा लाग्न लगाउनुहोस्। तपाईंबिना नै बाइबल स्मरणपद भन्न र एक्शन गर्न नसकेसम्म दोहोऱ्याई रहनुहोस्।

हो, परमेश्वरले <एक्शन: हात उचालेर औंलाले उँभोतिर देखाउनुहोस्>, संसारलाई <एक्शन: गोलो> यति साह्रो प्रेम गर्नुभयो <एक्शन: हातले छात्तीमा पानाको आकार बनाउनुहोस्>, कि उहाँले आफ्नो एकमात्र पुत्रलाई (येशू) दिनुभयो <एक्शन: एउटा औँलो उभोतिर देखाउनुहोस्>,

परमेश्वरले आफ्ना पुत्रलाई दिनुभयो त्यसद्वारा उहाँमाथि विश्वास गर्ने <एक्शन: मस्तिष्क र हृदयमा देखाउनुहोस्> कोही पनि <एक्शन: दुवै हात गोलो बनाइ बाँध्नुहोस्> नाश हुने छैन <एक्शन: औँलाले आँखामा गोलाकार बनाउनुहोस्>, तर अनन्त जीवन प्राप्त गर्नेछ <एक्शन: हातले गोलाकारमा उकालो बढ़ाउँदै जानुहोस्>।

## व्यवहारिक उपयोग

***येशूको रगतको बलिदानले हामीलाई बचाउँदछ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***


सृष्टिकर्ता परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हामीले सृष्टिकर्ता परमेश्वर र अरु मानिसहरु विरुद्ध बोलेका, सोंचेका वा गरेका सबै नराम्रा कुराहरुबाट उहाँले येशूमा हामीलाई बचाउनुभयो भनी जान्नुको अर्थ हो हामी सदा सर्वदाको निम्ति जिउनसक्छौं! येशूले हामीलाई बचाउनुभयो भन्नुको अर्थ हो हामी सदा सर्वदाको निम्ति माफ गरिएका छौं। येशूले हामीलाई बचाउनुभयो भन्नुको अर्थ हो हामी सदा सर्वदाको निम्ति सृष्टिकर्ता परमेश्वरको दृष्टिमा शुद्ध छौं। येशूले हामीलाई बचाउनुभयो भन्नुको अर्थ हो हामी सदा सर्वदाको निम्ति सृष्टिकर्ता परमेश्वरको सन्तान भएका छौं। हल्लेलूयाह!

**प्रार्थना:** सृष्टिकर्ता परमेश्वर, धन्यवाद कि तपाई ंमलाई प्रेम गर्नुहुन्छ। मैले तपाई ंअथवा अरु मानिसहरु विरुद्ध केही बोल्छु, सोंच्छु अथवा गर्छु भने पनि तपाईंले मलाई सदा सर्वदाको निम्ति प्रेम गर्नुहुन्छ। तपाईंलाई धन्यवाद, कि तपाई ंआउनुभयो र मैले तपाई ंअनि अरु मानिसहरु विरुद्ध सोंचेका, बोलेका अथवा गरेका सबै नराम्रो कुराबाट मलाई बचाउनुभयो।

सृष्टिकर्ता परमेश्वर, तपाई ंको हुनुहुन्छ र तपाईंले मेरो निम्ति दिन प्रतिदिन के गर्नुभएको छ भनी जान्न मलाई सहायता गर्नुहोस्। तपाईंलाई विश्वास र भरोसा गर्न मलाई सहायता गर्नुहोस्। मलाई तपाई को हुनुहुन्छ र तपाईले के गर्नुभएको छ भनि अरुहरुलाई बताउन सहायता गर्नुहोस्।

येशूको नाउँमा हामी प्रार्थना गर्छौं। आमेन।

# पाठ १६



## एउटा शिक्षण बिन्दु

***येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ!***

येशूले
मलाई
सदा सर्वदाको
निम्ति
बचाउनुभएको छ!

## बाइबल कथा

***येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्!***

**सुसमाचार कथा पुस्तक छ।** पृष्ठ ३६-४०। *येशू जिउँदो हुनुहुन्छ।*

**सामग्रीहरु:** चित्र कोर्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल। नानीहरुको निम्ति चित्र कोर्ने गत्ता अथवा पेपर, पेन्सिल र इरेजर चाहिन्छ।

चित्र बनाउनुहोस् र कथा भन्नुहोस्। प्रत्येक पृष्ठ पढेपछि नानीहरुलाई एउटा प्रश्न सोध्नुहोस्।


१, २, ३ कथा भन्न शुरु गर्नुहोस्...

धेरै वर्षहरू बिते। म एउटा मानिसलाई देख्न सक्छु। उनको नाम यूहन्ना हो।



यूहन्नाले यसो भनिरहेको म सुन्न सक्छु, 'म येशूलाई माथि आकाशमा देख्न सक्छु। उहाँका आँखाहरू आगो जस्तै छन्!'

येशूलाई सेतो घोड़ामा आइरहेको म देख्न सक्छु। उहाँको नाम परमेश्वरको वचन हो। येशूको वस्त्रमा यी शब्दहरू म देख्न सक्छु, राजाहरूका राजा अनि प्रभुहरूका प्रभु! सबै जातिका मानिसहरूले येशूको निम्ति गाइरहेका म देख्न सक्छु। सबै आत्माहरूले येशूको निम्ति गाइरहेका म देख्न सक्छु। सबथोकले येशूको निम्ति गाइरहेको म देख्न सक्छु।



सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु, 'मेरा मानिसहरू सदा, सदा अनि सदासर्वदाको निम्ति बचाइएका छन्। मृत्यु छैन। आँशु छैन। शोक छैन। कष्ट छैन। मैले सबैकुरा नयाँ बनाएको छु।'




येशूले यसो भनिरहेको म सुन्न सक्छु, 'हेर म फेरी चाँड़ै आउँदैछु। म नै अनन्त हुँ। म येशू हुँ। म तिमीलाई प्रेम गर्छु। मैले तिमीहरूलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाएको छु।'

**नानीहरुलाई कथाको चित्र बनाउन लगाउनुहोस्।**

# पाठ १६

येशूले
मलाई
सदा सर्वदाको
निम्ति
बचाउनुभएको छ!



**नानीहरुले एकाअर्कालाई बताउने कथा:** सबै नानीहरुलाई १ र २, १ र २, १ र २, १ र २, १ र २ गर्दै पालै पालो सँख्या दिनुहोस्। १ सँख्या पाउने नानीलाई अर्को २ सँख्या पाउने नानीको साथमा जोड़ीमा राख्नुपर्छ। प्रत्येक सँख्या १ पाउने नानीले उसित जोड़ी बाँधिएको नानीलाई कथा सुनाउनुपर्छ। तिनीहरुले बताइसकेपछि, फेरि सँख्या २ पाउने नानीले पनि त्यसरी नै तिनीहरुसित जोड़ी बाँधिएको सँख्या १ नानीलाई कथा बताउनुपर्छ। जब सबैले बताइसक्छन् तब सबै नानीहरु एकसाथ एउटा समूहमा बस्छन्।

## एक्शन गीत

***येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्!***

मनाऔं, मनाऔं, परमेश्वरको विजय मनाऔं,

मनाऔं, मनाऔं, परमेश्वरको विजय मनाऔं।

उहाँले महान काम गर्नुभो x २

परमेश्वरको विजय मनाऔं।।

## वस्तु पाठ

***येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्!***

**सामग्रीहरु:** स्लेट र रातो चक (रातो चक नपाए सेतो चक)।

यो स्लेट हाम्रो हृदयमा भएको अन्धकार जस्तै छ भनी नानीहरुलाई बताउनुहोस्। हामीले सृष्टिकर्ता परमेश्वर र मानिसहरु विरुद्ध बोलेका, सोंचेका अथवा गरेका सबै दुष्ट कुराहरु।

अब हेर्नुहोस्। स्लेटभरि चकको रङ्गले भर्नुहोस्।

यो येशूको रगतको बलिदान जस्तै छ भनी बताइदिनुहोस्। येशूको रगतले सबै नराम्रा कुराहरुलाई ढाकिदिन्छ। येशूले गर्नुभएको कुरा कसैले पनि खारिज गर्नसक्दैन। उहाँले यो गर्नुभयो र अब तपाईं सदा सर्वदाको निम्ति ढाकिनुभएको छ। येशूले हामीलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ किनकि येशू मात्र एक हुनुहुन्छ जो सदा सर्वदा जीवित हुनुहुन्छ।

# पाठ १६

## बाइबल स्मरण पद खेल

***येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्!***

सृष्टिकर्ता परमेश्वरको निम्ति अर्को नाउँ परमप्रभु हो भनी बताईदिनुहोस्।

**प्रकाश १:१८** *'म नै एक हुँ जो बाँचेको छु। एक जो जीवीत छु म नै हुँ। म मरेको थिएँ। तर हेर, म सदा सर्दाको लागि जीवित छु। अनि मसँग मृत्यु र पातालको साँचाहरू छन्।'*

**स्मरण प्रतियोगिता:** नानीहरुलाई तीन पँक्तिमा उभिन लगाउनुहोस्। तीनै वटा पँक्तिमा सबैभन्दा होँचो नानीलाई सबैभन्दा अघि र सबैभन्दा अग्लो नानीलाई सबैभन्दा पछाडि उभिन लगाउनुहोस्।

पँक्ति एक को प्रथम नानीको कानमा 'म नै एक हुँ जो जीवित छु' भनी कानेखुसी गर्नुहोस् र उसको पँक्तिमा भएको अर्को नानीको कानमा त्यही कानेखुसी गर्नु भनी भन्नुहोस्। तिनीहरुले शब्द सुनेपछि अर्को नानीतिर फर्केर तिनीहरुले सुनेको कुरा उसको कानमा कानेखुसी गर्नु भनी नानीहरुलाई भन्नुहोस्। यो अन्तिम नानीले शब्द नसुनेसम्म जारी राख्नुहोस्।

पँक्ति दुई को प्रथम नानीको कानमा 'म मरेको थिएँ, तर हेर, म सदा सर्वदाको लागि जीवित छु' भनी कानेखुसी गर्नुहोस् र उसको पँक्तिमा भएको अर्को नानीको कानमा त्यही कानेखुसी गर्नु भनी भन्नुहोस्। तिनीहरुले शब्द सुनेपछि अर्को नानीतिर फर्केर तिनीहरुले सुनेको कुरा उसको कानमा कानेखुसी गर्नु भनी नानीहरुलाई भन्नुहोस्। यो अन्तिम नानीले शब्द नसुनेसम्म जारी राख्नुहोस्।

येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ!

पँक्ति तीन को प्रथम नानीको कानमा 'अनि मसँग मृत्यु र पातालका साँचोहरु छन्' भनी कानेखुसी गर्नुहोस् र उसको पँक्तिमा भएको अर्को नानीको कानमा त्यही कानेखुसी गर्नु भनी भन्नुहोस्। तिनीहरुले शब्द सुनेपछि अर्को नानीतिर फर्केर तिनीहरुले सुनेको कुरा उसको कानमा कानेखुसी गर्नु भनी नानीहरुलाई भन्नुहोस्। यो अन्तिम नानीले शब्द नसुनेसम्म जारी राख्नुहोस्।

पँक्ति एक को अन्तिम नानीलाई अगाडि आएर उसले सुनेको कुरा चर्को सोरमा बताउन लगाउनुहोस्। पँक्ति एक को प्रथम नानीलाई त्यो कुरो ठीकै थियो कि भनी सोध्नुहोस्। यदि ठीकै थियो भनी भन्छ भने, त्यो दललाई १ अंक दिनुहोस्, यदि शब्दहरु भिन्नै छ भने, त्यो दललाई अंक नदिनुहोस्। त्यसपछि अन्तमा सबै नानीहरुलाई सही शब्द बताइ दिनुहोस्।

पँक्ति दुई को अन्तिम नानीलाई अगाडि आएर उसले सुनेको कुरा चर्को सोरमा बताउन लगाउनुहोस्। पँक्ति दुई को प्रथम नानीलाई त्यो कुरो ठीकै थियो कि भनी सोध्नुहोस्। यदि ठीकै थियो भनी भन्छ भने, त्यो दललाई १ अंक दिनुहोस्, यदि शब्दहरु भिन्नै छ भने, त्यो दललाई अंक नदिनुहोस्। त्यसपछि अन्तमा सबै नानीहरुलाई सही शब्द बताइ दिनुहोस्।

# पाठ १६

पँक्ति तीन को अन्तिम नानीलाई अगाडि आएर उसले सुनेको कुरा चर्को सोरमा बताउन लगाउनुहोस्। पँक्ति तीन को प्रथम नानीलाई त्यो कुरो ठीकै थियो कि भनी सोध्नुहोस्। यदि ठीकै थियो भनी भन्छ भने, त्यो दललाई १ अंक दिनुहोस्, यदि शब्दहरु भिन्नै छ भने, त्यो दललाई अंक नदिनुहोस्। त्यसपछि अन्तमा सबै नानीहरुलाई सही शब्द बताइ दिनुहोस्।

पँक्ति एक का नानीहरुलाई एकसाथ 'म नै एक हुँ जो जीवित छु' भनी भन्न लगाउनुहोस्।

पँक्ति दुई का नानीहरुलाई एकसाथ 'म मरेको थिएँ, तर हेर, म सदा सर्वदाको लागि जीवित छु' भनी भन्न लगाउनुहोस्।

पँक्ति तीन का नानीहरुलाई एकसाथ 'अनि मसँग मृत्यु र पातालका साँचाहरु छन्' भनी भन्न लगाउनुहोस्।

येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ!

## व्यवहारिक उपयोग


***येशूले मलाई सदा सर्वदाको निम्ति बचाउनुभएको छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्!***

येशू सदा सर्वदाको लागि जिउनुहुन्छ भन्नुको तात्पर्य हो हामी सदा सर्वदाको निम्ति बचाइएका छौं। येशू चाँड़े फर्की आउनुहुँदैछ र हामी उहाँको साथमा सदा सर्वदाको निम्ति जिउनेछौं भनी जान्दै हामी जिउनसक्छौं। येशूले सबै कुराहरु नयाँ बनाउनुभएको छ। त्यहाँ मृत्यु हुँदैन। आँसु हुँदैन। निराशा हुँदैन। पीड़ा हुँदैन। हल्लेलूयाह!

**प्रार्थना:** नानीहरुमध्ये एकजनालाई प्रार्थना गर्न लगाउनुहोस्।

**पुरस्कार:** सबै नानीहरुलाई सुसमाचार कथा पुस्तक छ को तिनीहरुको प्रति दिनुहोस्। सबै नानीहरुलाई सुसमाचार कथा पुस्तक छ को तिनीहरुको प्रति पढ्न सहायता गर्नुहोस्।

# पाठ तयार गराइ



बाइबलका कथाहरुबाट तपाईंको आफ्नै पाठहरु तयार गर्नुहोस्।

प्रत्येक पाठमा तपाईंले कति समावेश गर्नुपर्छ भन्ने कुरा तपाईंले नानीहरुको साथमा कति समय बिताउनुहुन्छ त्यसैमा निर्भर रहन्छ। प्रत्येक पाठमा थोरैमा पनि एउटा कथा, एक्शन गीत र तपाईंले चुन्नुभएको एउटा शिक्षण बिन्दु सिकाउने व्यवहारिक उपयोग हुनपर्दछ।

**चरन १:** तपाईंले सेवा पुऱ्याउने नानीहरुको निम्ति प्रार्थना गर्नुहोस्। परमेश्वरबाट प्राप्त गर्नको लागि तिनीहरुको र तपाईंको हृदयलाई तयार गर्नुहोस् भनी प्रार्थना गर्नुहोस्। तपाईले सिकाऊने प्रत्येक पाठ र बाइवल कथाकोलागी परमेश्वरसगँ सहायताको निम्ति प्रार्थना गर्नुहोस्।

**चरण २:** बाइबल कथा स्मरण गर्नको लागि जति समय आवश्यक पर्छ त्यती नै पढ्नुहोस्।

**चरण ३:** एउटा साधारण, मनोरञ्जक, र नानीहरुले आनन्द लिनसक्ने तरीकामा कथा भन्ने अभ्यास गर्नुहोस्।

**चरण ४:** तपाईंले चुन्नुभएको बाइबल कथा प्रयोग गर्दै सिकाउने एउटा शिक्षण बिन्दु के हुने हो सो निर्णय गर्नुहोस्।

**चरण ५:** तपाईंले कथा कसरी भन्ने हो र कथामा नानीहरुलाई कसरी समावेश गर्ने हो भनी निर्धारित गर्नुहोस्।

उदाहरण: नाटक खेल्दै, अथवा चित्र बनाएर कथा भन्दै, अथवा नानीहरुले कथाको नाटक गर्दै, अथवा नानीहरुलाई कथाको आवाजको साथमा, अथवा कथाको शब्दहरु दोहोऱ्याउँदै कथा सुनाउनुहोस्।


**चरण ६:** कथाको एउटा शिक्षण बिन्दु सिकाउने एउटा एक्शन गीत समावेश गर्नुहोस्। यदि तपाईंलाई त्यो शिक्षण बिन्दु सिकाउने एक्शन गीत आउँदैन भने, सबैलाई थाहा भएको सूरमा साधारण शब्द र एक्शन प्रयोग गर्दै लेख्नुहोस्।

**चरण ७:** यो एउटा शिक्षण बिन्दुको ज्ञान हाम्रो आजको जीवनमा कसरी लागु हुन्छ भनी निर्धारित गर्नुहोस्।

**चरण ८:** तपाईसित पर्याप्त समय छ भने, यस पुस्तकमा देखाइएका तरीकाहरु हरुमध्ये एउटा अथवा तपाईंलाई थाहा भएको कुनै अर्को एउटा तरीका प्रयोग गर्दै एउटा कुनै वस्तु प्रयोग गरी सिकाइने पाठ अथवा एउटा बाइबल स्मरण पद खेलमा थप्नुहोस्।

**चरण ९:** पाठ पूरा सिध्याउनुहोस् र परमेश्वरलाई नानीहरु र तपाईंको हृदयमा काम गर्न दिनुहोस्। सबैभन्दा बढी तपाई र नानीहरुको निम्ति, नानीहरुसितको तपाईंको समय मनोरञ्जक बनाउनुहोस्।

# प्रार्थना





## प्रार्थना

**एफिसी ३:१६-१९** *'म पितालाई आफ्नो महिमामय सम्पत्ती अनुसार तिनीहरूलाई शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दछु, जसमा कि आफ्ना आत्मामा तिमीहरू दरिलो हुन सक्छौ। उहाँको आत्माद्वारा उहाँले तिमीहरूलाई त्यो शक्ति दिनुहुन्छ। तिमीहरूको विश्वासको कारणले ख्रीष्ट तिमीहरूको हृदयमा बसुन् भनी म प्रार्थना गर्दछु। म प्रार्थना गर्दछु, ख्रिष्टको प्रेमको महानता बुझ्ने शक्ति परमेश्वरका सबै मानिसहरूले पाउन्। अनि प्रार्थना गर्दछु कि, परमेश्वरका जम्मै तिमीहरूलाई र परमेश्वरको पवित्रजनले ख्रिष्टको प्रेमको महानता बुझ्ने शक्ति पाउन्। म यो पनि प्रर्थना गर्दछु कि उहाँको प्रेमको चौंडाई, लम्मबाई, उँचाई र गहिराई तिमाहरूले बुझ्न सक। ख्रिष्टको प्रेम मानव समझ भन्दा बाहिर छ। तर तिमीहरूले त्यो प्रेम बुझ्न सक भन्ने मेरो पार्थना छ।'*

